# मिति २०७६/०१/०८ गते बसेको जि.स.स. बैठकको निर्णयहरु

१. नगरपालिकाहरुको प्रशासकिय भवन बनाउन आएका प्रस्तावहरु अध्ययन गरी स्थानीय तहहरुले प्रशासकिय भवन वनाउने प्रस्तावित स्थानको नगरपालिकाको आफ्नै नाममा जग्गाको स्वामित्व नभएको अवस्थामा सम्वन्धित नगरपालिकाबाट जग्गाको स्वामित्व प्राप्त गर्ने सम्वन्धी आवश्यक प्रक्रिया पुरा गरी भवन निर्माणको लागि जग्गाको सुनिश्चित गर्ने गरी जि.स.स.को मौज्दात कोष संचालन निर्देशिका २०७५ बमोजिमको आधारभूत प्रकृया पूरा भई आएका प्रस्तावहरु का सम्वन्धमा उक्त निर्देशिकाको वुँदा नं. ३ बमोजिमको कार्यक्रम व्यवस्थापन समितिले भवन निर्माणको प्रक्रिया अगाडि वढाउन वजेट विनियोजन गर्ने ।

२. जि.स.स. को नाममा चन्द्रागिरी नगरपालिका वडा नं. १२ बलम्बु स्थित जग्गामा रहेको भवनमा भाडामा व्यवसाय संचालन गरिररहेकाहरुलाई जि.स.स.को मिति २०७५/०४/०७ को निर्णयानुसार प्रत्येक सटर कवलको भाडा निर्धारण गरिएको । निर्धारित भाडा रकम अग्रिम रुपमा भूक्तानी गर्न लिखित तथा मौखिक रुपमा जानकारी गराईएकोमा हालसम्म ५ वटा सटरका व्यवसायीहरुले २०७५ साउन देखि २०७५ पुषमसान्त सम्मको ६ महिनाको भाडा रकम भूक्तानी गरेको तर बांकी ४ वटा सटरवालाहरुले हालसम्म भूक्तानी नगरेको हुंदा निजहरुलाई ३ दिनको म्याद दिई भाडा रकम तिर्न पुन: ताकेता गरी पत्राचार गर्ने । त्यसरी तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजहरुलाई आवश्यक परेमा प्रशासनको सहयोग लिई असूल गर्नुपर्ने रकम असूल गरी सटर खाली गर्न लगाउने ।
साथै चालु आ.व.को बांकी अवधिको लागि र आगामी आ.व.को लागि ठेक्का प्रकृया मार्फत अग्रिम रुपमा भाडा रकम संकलन गर्ने गरी कार्यालयले आवश्यक प्रकृया अगाडी बढाउने ।

३. जि.स.स.को चालु आ.व.को लागि स्विकृत कार्यक्रम बमोजिम क्षमता विकास सम्बन्धि कार्यक्रम अन्तर्गत जि.स.स. काठमाडौंका पदाधिकारी तथा कर्मचारीहरु, स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृत र विपद् व्यवस्थापन सम्वन्धी सम्पर्क व्यक्तिहरुको लागि विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण सम्वन्धी मिति २०७६ वैशाख १६ र १७ गते २ दिने आवासीय प्रशिक्षण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

४. आ.व. ०७३।७४ मा जि.वि.स. ले जिल्ला भित्रका देहायका विभिन्न ९ वटा निर्वाचन क्षेत्रमा १/ १ वटाको दरले सडक पुलहरुको DPR प्रतिवेदन तयार गर्न विभिन्न परामर्शदाताहरु छनौट भई कार्य भएको थियो । ती पुलहरुको DPR तयार गर्ने कार्यका लागि परामर्शदाताहरुसंग सम्झौता हुँदा सम्झौताको कूल रकमको ९० प्रतिशत रकम प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि भुक्तानी दिने र वांकी १० प्रतिशतले हुने रकम LRBP बाट कमेण्ट प्राप्त भएपश्चात् मात्र भुक्तानी दिने भन्ने व्यवस्था भए अनुसार सम्झौता रकमको ९० प्रतिशतले हुने रकम गत आ.व.मा भुक्तानी भइसकेको तर १० प्रतिशत रकम भुक्तानी हुन बाँकी रहेको अवस्थामा उक्त पुलहरुको DPR प्रतिवेदन सम्वन्धित नगरपालिकाहरुको पुल निर्माण कार्यका लागि उपयोगी हुने हुँदा परामर्शदाताहरुलाई भुक्तानी गर्न वांकी १० प्रतिशत रकम सम्वन्धित नगरपालिकाबाटै भुक्तानी गरी उक्त पुलको DPR उपयोग गर्न सम्वन्धित नगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | सडकपुलको नाम | ठेगाना | भुक्तानी हुन बाँकी रकम (रू.) | परामर्शदाता फर्मको नाम |
|---|---|---|---|---|
| १ | फेदीखोलाबाट बैरमहादेव हुँदै चौकीभञ्ज्याङ्ग जाने शालीनदी पुल | शंखरापुर न.पा. | १,९२,१००।०० | यूनिक ईञ्जिनियरिङ्ग कन्सल्ट्यान्सी प्रा.लि., ललितपुर |
| २ | चौथो ग्रामीण चक्रपथ अधिकारीगाउँ जाने घट्टेखोला पुल | कागेश्वरी मनोहरा न.पा. | | |
| ३ | झाँगाटोलबाट सिमल्सी जाने सडकको महादेवखोला पुल | कागेश्वरी मनोहरा न.पा. | ५६,५००।०० | एभरेष्ट ईञ्जिनियरिङ्ग कन्सल्ट्यान्ट-एलाइट सिभिल डिजाइन कन्सल्ट्यान्टस् प्रा.लि. जे.भी. |
| ४ | बूढानीलकण्ठ स्कूल गेटबाट टोखा जाने सडकको विष्णुमतीखोला पुल | बूढानीलकण्ठ न.पा. | | |
| ५ | कालिका मार्ग चुनिखेल जोड्ने सडकको धोवीखोला पुल | बूढानीलकण्ठ न.पा. ३, १७ | ५६,५००।०० | " |
| ६ | बनियाँटार जाने सडकको विष्णुमतीखोला पुल | टोखा न.पा. ९ र १२ | | |
| ७ | गोङ्गबूँ मनमैंजू फुटुङ्ग सडकको विष्णुमतीखोला पुल (घले पुल) | तारकेश्वर न.पा. | २,८२,५००।०० | एक्स्ट्रिम ईञ्जिनियरिङ्ग सोलुसन्स् प्रा.लि., कुपण्डोल, ललितपुर |
| ८ | नागार्जुन न.पा. ५, गण्डकटोल (विश्ले पानी फ्याक्ट्री) वडा नं. १२ बाट नयाँबस्ती जोड्ने सडकको मनमतीखोला पुल | नागार्जुन न.पा. | | |
| ९ | दक्षिणकाली न.पा. २, चल्तीबाट वडा नं. ३ ग्वाल्दह जोड्ने सडकको खहरेखोला (चल्तीखोला) पुल | दक्षिणकाली न.पा. | १,८०,८००।०० | ग्लोबल ईञ्जिनियरिङ्ग एसोसिएट्स प्रा.लि., काठमाडौं |
| १० | छैमले केराबारीबाट देवीचौर ललितपुर जोड्ने सडकको बागमतीखोला पुल | दक्षिणकाली न.पा. | | |

५. प्रदेश नं. ३ को मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट चालु आ.व. २०७५/०७६ को लागि प्राप्त अख्तियारी रु. २२ लाखको कार्यक्रम तथा वजेट जि.स.स.को मिति २०७५/१०/०६ गतेको वैठकबाट वांडफांड गरिएकोमा देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| व.शि.नं | खर्च शिर्षक | कार्यक्रमको विवरण | रकम रू. | रकम रू. |
|---|---|---|---|---|
| | | अख्तियारीमा उल्लेख भए अनुसार प्राप्त रकम रू. २२ लाखको ५० प्रतिशतले हुने रकम जिल्ला भित्रका स्थानीय तहहरू (जि.स.स. समेत) को क्षमता विकासका देहायका कार्यक्रममा खर्च हुने | | १,१२०,०००।०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च | स्थानीय तहका लागि विपद व्यवस्थापन सम्वन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम | ३२०,०००।०० | |
| | | सुचनाको हक प्रवद्धन सम्वन्धमा स्थानीय तहका सूचना अधिकारीहरू र सूचना अद्यावधिकमा संलग्न १ जना गरी प्रति नगरपालिका २ जनाको लागि १ दिने अभिमुखीकरण कार्यक्रम PDMS सम्वन्धी | ८००००।०० | |
| | | जि.स.स. पदाधिकारी/स्थानीय तहका पदाधिकारी नेतृत्व विकास एवं क्षमता अभिवृद्धि तालिम कार्यक्रम | २००,०००।०० | |
| | | जि.स.स. पदाधिकारी तथा कर्मचारीहरूको अध्ययन अवलोकन भ्रमण कार्यक्रम | २२००००।०० | |
| | | स्थानीय तहका कर्मचारीहरूको लागि क्षमता अभिवृद्धि कार्यक्रम | ३००,०००।०० | |
| | | **वांकी ५० प्रतिशत रकमको वांडफांड** | | **१०८००००।००** |
| २१११२ | पारिश्रमिक पदाधिकारी | जि.स.स. सदस्यहरूको लागि वृद्धि भएको थप सुविधा वापतको रकम (४५००×१२×६) | ३२४,०००।०० | |
| २२२११ | ईन्धन(पदाधिकारी) | ईन्धन (पदाधिकारी) | १५०,०००।०० | |
| २२२१३ | सवारी साधन मर्मत | मर्मत सम्भार | १००,०००।०० | |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | कार्यालय संचालन | २००,०००।०० | |
| २२६११ | अनुगमन तथा मूल्यांकन | अनुगमन तथा मूल्यांकन खर्च | २००,०००।०० | |
| २२७११ | विविध | विविध | १०६,०००।०० | |
| | **जम्मा** | | | २,२००,०००।०० |